# आधारभूत तह (कक्षा ६ देखि ८) नेपाली विषय
# कस्टमाइज्ड शिक्षक तालिम

# प्रशिक्षक निर्देशिका

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रकाशक**
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर।

©: प्रकाशकमा

**संस्करणः** बि.स. २०७९ (सन् २०२२)

**प्राविधिक सहयोग**

**लेआउट डिजाईन**

**मुद्रणः**

# भूमिका

कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउनका लागि शिक्षकहरू पाठ्यक्रममा आधारित भई विद्यार्थी केन्द्रीत शिक्षण सिकाइका विधि तथा तौर तरिकाहरूको प्रयोग गर्न सक्ने, विद्यार्थीका लागि उपयुक्त सिकाइ वातावरण सिर्जना गर्न सक्ने, विद्यार्थीहरूको सिकाइको अवसर सिर्जना गर्न, सिकाइको निरन्तर लेखाजोखा गरी आवश्यकताअनुसार सुधारात्मक शिक्षण गर्न सक्ने सिप तथा दक्षता हुन आवश्यक छ। यसका लागि विद्यालय शिक्षामा गरिएको समसामयीक सुधार तथा परिवर्तनसँग कार्यरत शिक्षकहरूलाई पेसागत क्षमता विकास गर्न आवश्यक देखिन्छ। त्यसैले आधारभूत तह (कक्षा ६-८) को नेपाली विषय अध्यापन गर्ने शिक्षकहरूलाई नयाँ पाठ्यक्रममा आधारित भई शिक्षण सिकाइहरूका नयाँ नयाँ विधिहरू तथा क्रियाकलापहरू सञ्चालन गर्न दक्ष बनाउने ध्येयले क्षमता विकास तालिम सञ्चालनका लागि यो ५ दिने कस्टमाइज्ड शिक्षक तालिमको प्रशिक्षक निर्देशिका विकास गरिएको हो। यो निर्देशिकामा उक्त नेपाली विषयको कस्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रममा आधारित छ।

यस प्रशिक्षक निर्देशिकामा खास गरी आधारभूत (कक्षा ६-८) तह नेपाली विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग, भाषिक सिपहरूको विकास, शब्दभण्डार, भाषिक प्रकार्य र वर्णविन्यास, शिक्षण विधि तथा तौरतरिकाहरू, नेपाली भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग जस्ता विषयवस्तुहरू समावेश गरिएका छन्। शिक्षक तालिमलाई सहभागी केन्द्रीत गराउने, क्रियाकलापमुखी गराउने, शिक्षण सिकाइको विधि तथा तरिकाहरूमा पर्याप्त अभ्यास गर्ने अवसर प्रदान गर्ने गरी यो प्रशिक्षक निर्देशिका विकास गरिएको छ।

प्रशिक्षक निर्देशिकाको विकासमा संलग्न हुनु हुने सवै लेखक तथा सम्पादकज्यूहरू धन्यवादका पात्र हुनुहुन्छ। यस निर्देशिकाको विकासमा प्राविधिक सहयोग पुर्याउने हिमालयन ट्रष्ट नेपालप्रति केन्द्र हार्दिक आभार प्रकट गर्दछ।

यस निर्देशिकाको प्रयोगकर्ताहरूबाट यसको निरन्तर सुधारमा रचनात्मक सुझाव तथा पृष्ठपोषणको केन्द्र सदैव अपेक्षा गर्दछ।

२०७९।०४।१६

शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर।

# पाँच दीवसीय कार्यतालिका

| दिन | १०: ३०-१२:०० | ब्रेक | १२:१५-१:४५ | ब्रेक | २:३०-४:०० |
|---|---|---|---|---|---|
| | प्रथम सत्र | १५ मिनट छोटो ब्रेक | दोस्रो सत्र | ४५ मिनट खाजा ब्रेक | तेस्रो सत्र |
| पहिलो | आधारभूत तहको नेपाली विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग | | आधारभूत तहको नेपाली विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग | | सुनाइ र बोलाइ सिप विकासका क्रियाकलाप, विधि, सामग्रीको उपयोग र सहजीकरण अभ्यास |
| दोस्रो | पढाइ सिप विकासका क्रियाकलाप, विधि, सामग्रीको उपयोग र सहजीकरण अभ्यास | | पढाइ सिप विकासका क्रियाकलाप, विधि, सामग्रीको उपयोग र सहजीकरण अभ्यास | | लेखाइ सिप विकासका क्रियाकलाप, विधि, सामग्रीको उपयोग र सहजीकरण अभ्यास |
| तेस्रो | शब्दभण्डार, भाषिक संरचना, भाषिक प्रकार्य र वर्णविन्यास शिक्षणका क्रियाकलाप, विधि र सहजीकरण अभ्यास | | पाठ्यक्रममा उल्लिखित भाषिक संरचना र वर्णविन्यासका क्षेत्रहरूको पहिचान, अभ्यास र प्रस्तुतीकरण | | भाषिक प्रकार्यको उपयोग |
| चौथो | भाषिक सिप विकासका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग | | शिक्षण योजना निर्माण र नमुना शिक्षण | | शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान |
| पाँचौं | शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान | | मूल्याङ्कनको अवधारणा र प्रकार आन्तरिक मंल्याङ्कनको उपयोग | | विशिष्टीकरण तालिमको आधारमा प्रश्न निर्माण अभ्यास |

## आधारभूत तहको नेपाली विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग

**दिन : पहिलो** **सत्र : पहिलो र दोस्रो** **समय : ३ घण्टा**

### परिचय

नेपाली भाषा सरकारी कामकाजको भाषा हुनुका साथै विद्यालय तहको शिक्षाको प्रमुख माध्यमका रूपमा रहँदै आएको छ। विद्यालय तहको शैक्षिक क्रियाकलापमा नेपाली भाषाको महत्वपूर्ण स्थान छ। विद्यालय तहमा नेपाली विषयलाई अनिवार्य विषयका रूपमा पढाइन्छ। नेपाली विषयलाई विभिन्न विधाका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ, भाषिक संरचना, शब्दभण्डार र भाषिक प्रकार्यका माध्यमबाट बोध तथा अभिव्यक्तिगत सिपको विकास हुने गरी पाठ्यक्रम विकास गरिएको छ। भाषाको पाठ्यक्रम भाषिक सिपमा आधारित हुन्छ। भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिप र भाषिक प्रकार्य विकासका लागि विषयक्षेत्रगत विधा समावेश गरिएको छ। भाषिक सिपगत कार्यकलापहरूमा भाषिक संरचना, वर्णविन्यास र शब्दभण्डारलाई एकीकृत गरिएको छ। सक्षमताका आधारमा सिकाइ उपलब्धि र सोका आधारमा विषयवस्तुको क्षेत्र र क्रम यकिन गरिएको छ। यस सत्रमा हामी आधारभूत तहको नेपाली पाठ्यक्रम, शिक्षक निर्देशिका तथा पाठ्यपुस्तकको चिनारीगत पक्षको बारेमा अध्ययन गर्ने छौँ।

### उद्देश्य

- आधारभूत तह कक्षा ६ देखि ८ को पाठ्यक्रमको विशेषता पहिचान गरी भन्न
- पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको ढाँचा विश्लेषण गर्न
- पाठ्यक्रम, शिक्षक निर्देशिका र पाठ्यपुस्तकबिचको अन्तर्सम्बन्ध पहिल्याउन

### सामग्री

- पाठ्यक्रम
- पाठ्यपुस्तक
- शिक्षक निर्देशिका

### विषयवस्तु

- आधारभूत तह कक्षा ६ देखि ८ को पाठ्यक्रमको विशेषता
- पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको ढाँचा विश्लेषण
- पाठ्यक्रम, शिक्षक निर्देशिका र पाठ्यपुस्तकबिचको अन्तर्सम्बन्ध

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १: परिचय खेल** **(२० मिनेट)**

- सहभागीहरूलाई दुईओटा अन्तर्सम्बन्धित शब्दहरू लेखिएका सानो टुक्रा टिप्न लगाई आफ्नो शब्दसँग सम्बन्धित साथी खोजी जोडी बनाउन भन्नुहोस्, जस्तै - मन्जन र बुरूस, थाल र चम्चा आदि।

- दुई जनाको जोडीमा बस्न लगाउनुहोस्। दुई जनालाई देहायका विषयवस्तुमा आधारित भई ५ मिनेट कुराकानी गर्न लगाउनुहोस्।
  - तपाईंको नाम के हो ?
  - तपाईंको घर कहाँ हो ?
  - तपाईं अध्यापनरत विद्यालयको नाम के हो ?
  - शिक्षण पेसामा तपाईंको अनुभव कति वर्ष भयो ?
  - तपाईंको रूचि के हो ?
  - यो तालिमबाट तपाईं के सिक्न चाहनुहुन्छ ?
  - तपाईंलाई यो तालिममा सहभागी हुँदा लागेको अप्ठ्यारो, चिन्ता वा असजिलोपना केही छ ?
- कुराकानीपश्चात् सहभागीलाई सबैको सामु आफ्नो जोडी साथीलाई परिचय गराउन भन्नुहोस्।
- सबैको परिचय सकिएपछि अन्तमा तालिम भनेको सहभागीहरूबिच एक अर्काबाट सिक्ने, एक अर्काको बारेमा थाहा पाउने र सञ्जाल विस्तार गर्ने तथा केही समस्या आइपरे सोको समाधानका लागि सहकार्य गर्ने अवसर भएकाले यस्ता क्रियाकलाप महत्वपूर्ण हुने बताउनुहोस्।

**क्रियाकलाप २ः पाठ्यक्रमको विषयवस्तु पहिचान (४० मिनेट)**

- सहभागीलाई ४ समूहमा विभाजित हुन भन्नुहोस्। प्रत्येक समूहलाई कक्षा ६ देखि ८ को विद्यमान नयाँ पाठ्यक्रम वितरण गर्नुहोस्। समूहगत कार्यका आधारमा नयाँ पाठ्यक्रमका विशेषता पहिचानका लागि तलको तालिकामा दिइएअनुसारका कार्य गर्न लगाउनुहोस्।

| समूह | विषयक्षेत्र | मुख्य विशेषता |
|---|---|---|
| समूह १ | परिचय सक्षमता | |
| समूह २ | सिकाइ उपलब्धि | |
| समूह ३ | विषयवस्तुको क्षेत्र र क्रम | |
| समूह ४ | सिकाइ सहजीकरण र विद्यार्थी मूल्याङ्कन | |

- समूह कार्यपश्चात् समूहलाई क्रमशः पालैपालो प्रस्तुत गर्न लगाउनुहोस्। साथै प्रत्येक समूहको प्रस्तुतिपछि बाँकी समूहका सदस्यलाई टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस्। समूहले गरेको

प्रस्तुतिमा कुनै पक्ष छुटेको भए सहजकर्ताद्वारा न्युजप्रिन्ट वा पावरप्वाइन्टका माध्यमबाट थप स्पष्ट पारिदिनुहोस्।

**क्रियाकलाप ३: पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको ढाँचा विश्लेषण (५० मिनेट)**

- सहभागीहरूलाई चार चार जनाको समूहमा विभाजन गरी एक जनाले कक्षा ६ को पाठ्यपुस्तक, एक जनाले कक्षा ७ को पाठ्यपुस्तक, एक जनाले कक्षा ८ को पाठ्यपुस्तक र एक जनाले कुनै एक कक्षाको शिक्षक निर्देशिका १० मिनेट अध्ययन गरी मुख्य ढाँचा टिपोट गर्न लगाउनुहोस्।
- त्यसपछि आआफ्नै समूहमा तिन ओटै कक्षाका पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको ढाँचाबारे छलफल गरी मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस्।
- समूहगत कार्यलाई प्रस्तुत गर्न लगाउनुहोस्।
- समूहको कार्यपश्चात् सहजकर्ताले पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको विशेषता, विषयवस्तु र तिनको प्रयोगबारे पावरप्वाइन्ट वा न्युजप्रिन्टमार्फत् स्पष्ट पारिदिनुहोस्।

**क्रियाकालप ४: पाठ्यक्रम, शिक्षक निर्देशिका र पाठ्यपुस्तकबिच अन्तर्सम्बन्ध (६० मिनेट)**

- सहजकर्ताले सहभागीहरूलाई सुनाइ र बोलाइ, पढाइ, लेखाइ, भाषिक प्रकार्य, भाषिक संरचना र वर्णविन्यास, शब्दभण्डार गरी ६ समूहमा विभाजन गर्नुहोस्। कक्षा ६, ७ र ८ को क्षेत्र र क्रमबाट कुनै एक दिनका लागि निर्धारित क्रियाकलाप, शिक्षक निर्देशिकामा दिइएको नमुना पाठयोजना र विद्यार्थी कार्यपुस्तकमा सो दिनका लागि दिइएका क्रियाकलाप पनि हेर्न लगाउनुहोस्।

| समूह | सिकाइ उपलब्धि | विषयवस्तु को क्षेत्र र क्रम | सामग्री | विधि | शैक्षणिक क्रियाकलाप | पाठ्यपुस्तकको क्रियाकलाप |
|---|---|---|---|---|---|---|
| समूह १: सुनाइ र बोलाइ | | | | | | |
| समूह २: पढाइ | | | | | | |
| समूह ३: लेखाइ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| समूह ४: भाषिक संरचना र वर्णविन्यास | | | | | | |
| समूह ५: भाषिक प्रकार्य | | | | | | |
| समूह ६ः शब्दभण्डार | | | | | | |

**प्रतिबिम्बन** **(१० मिनेट)**

- आधारभूत तह (कक्षा ६ देखि ८) को पाठ्यक्रमको विषयवस्तुको क्षेत्र र क्रममा पाउनुभएका नौला ३ ओटा पक्षहरू भन्नुहोस्।

## सुनाइ र बोलाइ सिप विकासका क्रियाकलाप र सहजीकरण अभ्यास

**दिनः पहिलो** **सत्रः तेस्रो** **समयः १ घण्टा ३० मिनेट**

### परिचय

सुनाइ र बोलाइ भाषाका पूर्ववर्ती सिप हुन्। अरूद्वारा व्यक्त गरिएको विचार वा अरूले पढेका पाठलाई सुन्ने काम नै सुनाइ हो। यसरी सुनिएको सुनाइ बुझ्ने गरी अर्थात अभिव्यक्त गर्न सक्ने गरी सुन्नु नै सुनाइ हो। सुनाइबाट नै बालबालिकाहरू भाषा सिक्न सुरू गर्दछन्। सुनाइ नै भाषिक सिपको पहिलो सिप हो। यसैले सुनाइबाट नै भाषा शिक्षणको थालनी व्यक्तिका भाषिक सिपको संयुक्त विकासका लागि श्रुतिबोध अनिबार्य हुन्छ। यसका लागि गरिने सम्पूर्ण कार्यकलाप नै सुनाइ सिप शिक्षण हो। यसैगरी सुनेका, देखेका, अनुभव गरेका र पढेका कुरालाई ध्वनि प्रतीकहरूद्वारा श्रोता समक्ष सरल, सहज र स्पष्ट ढङ्गले व्यक्त गर्नु नै बोलाइ हो। मान्छेले आाना इच्छा र आवश्यकताको आपूर्ति गर्ने सरल सहज र प्रभावपूर्ण उपाय नै बोलाइ हो। बोलाइ भाषाको प्रदानात्मक सिप हो। मनमा लागेका वा जानेका कुरा मौखिक रूपमा व्यक्त गर्ने कार्य नै बोलाइ हो। यसलाई सुव्यवस्थित गति दिनका लागि गरिने शिक्षण नै बोलाइ शिक्षण हो। आधारभूत तहको पाठ्यक्रम (कक्षा ६-८) ले तहगत रूपमा निर्धारण गरेका नेपाली भाषा सिकाइका सक्षमताहरू प्राप्त गर्न कक्षागत रूपमा सुनाइ र बोलाइका सिकाइ उपलब्धिहरू निर्धारण गरेर तिनको विस्तृतीकरण गरेको छ। सुनाइ र बोलाइ सिपको विकासले पढाइ र लेखाइ सिपको विकासमा आवश्यक पृष्ठभूमि निर्माण गर्न आवश्यक सहयोग पुग्छ। यस सत्रमा सुनाइ र बोलाइ सिप विकासका क्रियाकलाप, विधि, सामग्रीको उपयोग र सहजीकरण तरिकाका बारेमा सिक्ने छौँ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन्।

- सुनाइ र बोलाइ सिप विकासका क्रियाकलाप तथा विधिहरूको पहिचान र प्रयोग गर्न
- सुनाइ र बोलाइ सिप विकासका लागि सामग्रीको पहिचान र उपयोग गर्न
- सुनाइ र बोलाइ सिप विकासमा सिकाइ सहजीकरणका तरिका पहिचान गरी प्रयोग गर्न

### सामग्री

- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका
- सुनाइ र बोलाइ सिप शिक्षणका क्रियाकलापको सूची
- सुनाइ र बोलाइ सिप विकासका सामग्रीको सूची
- श्रव्य तथा पाठ्य सामग्रीका नमुना
- पावरप्वाइन्ट स्लाइड

### मुख्य विषयवस्तु

- सुनाइ बोलाइ शिक्षणका क्रियाकलाप तथा विधि
- सुनाइ बोलाइ सिप शिक्षणका सामग्री

- सुनाइ बोलाइ सिप सिकाइ सहजीकरण तरिका

**सहजीकरण क्रियाकलापहरू**

**क्रियाकलाप १: कानेखुसी खेल** **(२० मिनेट)**

- सबै सहभागीलाई गोलो घेरामा उभिन लगाउनुहोस्।
- कुनै एक सहभागीको कानमा अरूले नसुन्ने गरी कुनै एक वा दुई वाक्य भन्नुहोस्।
- सहभागीलाई आफ्नो नजिकको साथीलाई अरूले नसुन्ने गरी क्रमैसँग भन्न लगाउनुहोस्।
- अन्तिम र सुरूको सहभागीलाई बोलाई अन्तिमको सहभागीले के सुन्नुभयो र सुरूको सहभागीलाई के भनिएको थियो सुनाउनुहोस्।
- यस क्रियाकलापबाट कुन पक्षको विकास हुन सक्छ भनी सहभागीसँग छलफल गर्नुहोस्।
- सहभागीबाट आएका विचारलाई समेट्दै स सुनाइ र बोलाइ सिप शिक्षण भनेको के हो ? सुनाइ र बोलाइको कस्तो सम्बन्ध छ ? सुनाइ बोलाइ शिक्षणका क्रियाकलापहरू के के हुन् ? आधारभूत तह कक्षा (६-८) का लागि स्तरअनुसार प्रभावकारी ढङ्गले अवलम्बन गर्न सकिने कार्यकलापहरू के के हुन् ? जस्ता विषयवस्तुमा आधारित भई छलफल गर्नुहोस्।

**क्रियाकलाप २: सुनाइ र बोलाइ शिक्षणका क्रियाकलाप र अनुभव आदानप्रदान** **(४० मिनेट)**

- सहभागीलाई कुनै एक गीत सुनाउनुहोस्।
- गीत सुनिसकेपछि उक्त गीत लेख्न भन्नुहोस्।
- जसले सुरूमा गीत लेखिसक्छ, उसलाई गीत सुनाउन लगाउनुहोस्।
- सिकाइ सहजीकरणका क्रममा सहभागीले सुनाइ र बोलाइ सिप शिक्षणका सन्दर्भमा केकस्ता क्रियाकलाप र सामग्रीको प्रयोग गर्दै आउनुभएको छ भन्ने बारेमा शिक्षण सिकाइका अनुभव बताउन लगाउनुहोस्।
- सहभागीले प्रस्तुत गरेका अनुभवलाई समेट्दै सुनाइ र बोलाइ शिक्षणका क्रियाकलाप, सामग्रीको सूचीलाई पावरप्वाइन्ट प्रस्तुतिका आधारमा स्पष्ट पार्नुहोस्।

**क्रियाकलाप ३: श्रुतिबोध** **(२० मिनेट)**

- पाठ्यपुस्तकका कुनै सुनाइ पाठका अनुच्छेदहरू मोबाइल रेकर्ड गरी सुनाउनुहोस्।
- सुरूको रेकर्ड सुनाउँदा ध्यानपूर्वक सुन्न लगाउने, दोस्रोपटक प्रश्नोत्तरका क्रियाकलाप गराउने, तेस्रोपटक प्रश्नोत्तर रूजु गर्न लगाउने क्रियाकलाप गराउनुहोस्।
- सहभागीले श्रव्य सामग्री सुनेर दिएका बोध प्रश्नोत्तर नजिकै रहेको जोडी साथीबाट मूल्याङ्कन गर्न लगाउनुहोस्।
- सहजकर्ताले प्रश्नका सही उत्तरहरू बताइदिनुहोस्।

**प्रतिबिम्बन/मूल्याङ्कन** **(१० मिनेट)**

सहभागीहरूलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न लगाउनुहोस्।

- सुनाइ र बोलाइ सिप विकासका क्रियाकलापहरू के के हुन् ?

# पढाइ सिप विकासका क्रियाकलाप सहजीकरण अभ्यास

**दिन दोस्रो          सत्र पहिलो र दोस्रो          समय ३ घण्टा**

## परिचय

गति, यति र हाउभाउसहित लिपिबद्ध सामग्री अर्थबोधसहित ग्रहण गर्नु नै पढाइ हो। भाषामा बोध र अभिव्यक्ति दुई पक्षहरू पदर्छन्। बोध सुनाइ र पढाइबाट हुने गर्दछ। सुनाइ बोधको सरल प्रक्रिया हो भने पढाइ बोधको जटिल प्रक्रिया हो। पढाइ सिप विकासका लागि पठन प्रवाह र पठनबोध महत्वपूर्ण हुन्छन्। पठन प्रवाहले गति, यति र हाउभाउसहित शुद्धसँग पढ्न सक्ने सिपलाई बुझाउँछ भने पठनबोधले पढेका विषयवस्तु राम्रोसँग बुझ्ने सक्ने पक्षलाई जनाउँछ। पढाइ सस्वर पठन र मौन पठन दुई प्रकारका हुन्छन्। आधारभूत तहमा दुवै प्रकारमा पढाइको महत्वपूर्ण भूमिका रहेको हुन्छ। वर्ण, शब्द र वाक्य पहिचान र पठन, अनुमान र पूर्वानुमान, गति, यति, लय र हाउभाउसहितको पठन, सस्वरपठन, मौनपठन, पठन र प्रश्नोत्तर, पठन र गति, पठन र अभिव्यक्ति, पठन र बोध, पठन र मुख्य विषयवस्तु पहिचान, पठन र संरचना पहिचान, पठन र प्रश्न निर्माण, पठन र घटना वर्णन, पठन र चरित्र वर्णन, पठन र परिवेश वर्णन, पठन र सार वर्णन जस्ता पाठ्यवस्तुहरू पढाइअन्तर्गत पर्दछन्। यस सत्रमा हामी पढाइका सिप विकासका क्रियालाप, विधि, सामग्रीको उपयोग र सहजीकरण अभ्यासका सम्बन्धमा छलफल गर्ने छौं।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन्।

- पठन प्रवाहका क्रियाकलाप, विधि र सामग्रीको उपयोग गर्न
- पठनबोधका क्रियाकलाप, विधि र सामग्रीको उपयोग गर्न
- पढाइका कार्यकलापहरूको नमुना शिक्षण गर्न

## सामग्री

- पाठ्यक्रम
- पाठ्यपुस्तक
- शिक्षक निर्देशिका

## विषयवस्तु

- पठन प्रवाहका क्रियाकलाप, विधि र सामग्रीको उपयोग गर्न
- पठनबोधका क्रियाकलाप, विधि र सामग्रीको उपयोग गर्न
- पढाइका कार्यकलापहरूको नमुना शिक्षण गर्न

**सहजीकरण क्रियाकलाप**

**क्रियाकलाप १: सुरूवाती क्रियाकलाप** (**२० मिनेट**)

- सहजकर्ताले सहभागीमध्येबाट चार जनालाई अगाडि बोलाउनुहोस्। चार जनामध्येबाट पहिलो एक जनालाई तलको अनुच्छेद पढ्न दिनुहोस्।
- दोस्रो सहभागीलाई पहिलो सहभागीले पढेको अनुच्छेद बुझेर आफ्नै भाषामा भन्न दिनुहोस्।
- तेस्रो सहभागीलाई अनुच्छेदबाट कुनै २ वा ३ प्रश्न बनाउन लगाउनुहोस्।
- चौथो सहभागीलाई सो प्रश्नको बारेमा उत्तर दिन लगाउनुहोस्।
- यो क्रियाकलाप गर्दा पढाइका कुन कुन सिपहरू हासिल हुन्छन् ? सिकाइ सहजीकरणका क्रममा केकस्ता पढाइका कार्यकलाप गर्दै आउनुभएको छ ? भन्ने सम्बन्धमा सबै सहभागीबिच छलफल गर्ने अवसर दिनुहोस्। पढाइका कार्यकलापको बारेमा थप स्पष्ट पारिदिनुहोस् ।

एउटा सुन्दर गाउँ थियो। त्यस गाउँमा एउटा ग्रिल कारखाना थियो। त्यो ग्रिल कारखानाबाट फलाम पिटेको र काटेको झर्को लाग्दो आवाज आइरहन्थ्यो। त्यसै गरी त्यहाँ फर्निचर बनाउने कारखाना पनि थियो। त्यस कारखानाबाट पनि दिनभरि काठ चिरेको र खोपेको दिक्क लाग्दो आवाज आइरहन्थ्यो। त्यसैले गाउँलेहरू त्यस ठाउँबाट कारखाना सरोस् भन्ने चाहन्थे। गाउँलेको चाहनालाई ती कारखाना सञ्चालकहरूले राम्ररी बुझेका थिए। एक दिन दिउँसो ग्रिल कारखानाको सञ्चालक उनीहरूकहाँ आयो र भन्यो, "म भोलि कारखाना सार्दै छु।" एकैछिनपछि फर्निचर कारखानाको सञ्चालक पनि आयो र भन्यो, "मैले पनि भोलि कारखाना सार्ने निर्णय गरे।" गाउँलेहरू अत्यन्त खुसी भए तर असल छिमेकीहरू गुमाउँदा दुःख लागेको कुरा बताए। त्यो साँझ गाउँलेले उनीहरूलाई भव्य भोज पनि खुवाए। तर भोलिपल्ट फलाम पिटेको र काठ चिरेको आवाज आएको आऐ भयो। गाउँले छक्क पर्दै एक जनालाई कुरो बुझ्न पठाए। केही छिनमा ऊ आएर भन्यो, "हो, उनीहरूले कारखाना सारेको त सही रहेछ तर ग्रिल कारखाना फर्निचर कारखाना भएको ठाउँमा सरेछ। फर्निचर कारखाना ग्रिल कारखाना भएको ठाउँमा सरेछ।" गाउँले जिल्ल परे। उता घन ठोकेको र काठ चिरेको आवाज भने आइरह्यो। के यसरी बसोबास भएको ठाउँमा उद्योग सञ्चालन गर्नु ठिक होला ?

स्रोतः कक्षा ६ नेपाली पाठ्यपुस्तक

**क्रियाकलाप २:पठन प्रवाह खेल** (**४० मिनेट**)

- कक्षा ६, ७ वा ८ मध्ये कुनै कक्षाको एउटा पाठ छनोट गर्नुहोस्।
- सहभागीहरूलाई प्रत्येकले गति, यति र हाउभाउसहित पाठ पढ्नुपर्ने कुरा बताइदिनुहोस्।

- पाठ पढ्ने क्रममा गलत पढेमा छेउमा बस्ने साथीले पढ्ने साथीको काँधमा धाप मार्नुपर्ने कुरा बताइदिनुहोस्। यस क्रममा सहभागीहरूलाई कक्षा ६, ७ र ८ को विद्यार्थीको भूमिकाको रूपमा रहन अनुरोध गर्नुहोस् र विद्यार्थीले गर्न सक्ने त्रुटि क्षेत्रका आधारमा पाठ पठनको भूमिका निर्वाह गर्न लगाउनुहोस्।
- छेउमा बस्ने सहभागीले त्रुटि पहिचान गरिसकेपछि पाठ पढ्ने सहभागीलाई बस्न लगाई पुनः अर्को सहभागीलाई त्यसपछिको विषयवस्तु क्रमैसँग पढ्न लगाउनुहोस्।
- सबै विद्यार्थीलाई माथिकै तरिकाअनुसार पठन प्रवाह गराउनुहोस्।
- पठन प्रवाहका क्रममा विद्यार्थीले गरेका त्रुटिगत शब्दहरूलाई मेटाकार्डमा लेख्दै जानुहोस्।
- सबै सहभागीले पाठ पढेपछि मेटाकार्डमा लेखिएका शब्दहरू समूहगत र व्यक्तिगत रूपमा मौखिक रूपमा उच्चारण गर्न लगाउनुहोस्। उच्चारणपश्चात् समूहगत र व्यक्तिगत रूपमा शब्द पढ्न लगाई पठन प्रवाहको त्रुटि निराकरणका लागि उपचारात्मक सिकाइ सहजीकरण क्रियाकलाप गराउनुहोस्।

**क्रियाकलाप ३: पठनबोधका क्रियाकलाप** **(६० मिनेट)**

- सहभागीहरूलाई दुई समूहमा विभाजन हुन भन्नुहोस्।
- कक्षा ६, ७ र ८ को कुनै एटटा कथाको पाठ छनोट गर्नुहोस्।
- उक्त कथाको आधा भाग एउटा समूहालाई र बाँकी आधा भाग अर्को समूहलाई दिनुहोस्।
- दुवै समूहले पढिसकेपछि पहिलो समूहलाई सुरूको आधा भागपछि भएका घटनाक्रमहरू समूहमा छलफल गरी अनुमान गर्न लगाउनुहोस्। अर्को समूहलाई सुरूको भागमा के भएको थियो समूहमा छलफल गरी अनुमान गर्न लगाउनुहोस्।
- दोस्रो समूहलाई सुरूको भाग र पहिलो समूहलाई अन्त्यको भागमा गरिएका अनुमानहरू प्रस्तुत गर्न लगाउनुहोस्।
- अनुमान गरिसकेपछि पहिलो समूहाई सुरूको भाग र दोस्रो समूहलाई अन्तिमको भाग प्रस्तुत गर्न लगाई कथा पूरा गर्नुहोस्।
- पठनबोधका लागि दुवै समूहले गरेका अनुमान फरक फरक भए पनि गलत नभई धारणा, विचार र छलफलबाट आएका विषयवस्तु हुन् भन्ने कुरा बताइदिनुहोस्।
- पठनबोधका लागि शिक्षकले सिकाइ सहजीकरणमा प्रयोग गरेका अन्य क्रियाकलापहरू, विधि, सामग्रीका अघिकै समूहमा तलको तालिकाअनुसारका कार्य गर्न लगाउनुहोस्।

| समूह | सिकाइ उपलब्धि | क्षेत्र र क्रम | सम्भावित क्रियाकलाप | विधि | शैक्षिक सामग्री | पाठ्यपुस्तकको क्रियाकलाप | विद्यार्थीमा विकास भएका भाषिक पक्षहरू |
|---|---|---|---|---|---|---|---|

| पठनबोध | | | | | | | |
|---|---|---|---|---|---|---|---|

- समूहको कार्यलाई प्रस्तुत गर्न लगाउनुहोस्। समूह कार्यपश्चात् पढाइ सिप विकासका लागि गर्न सकिने क्रियाकलाप, विधि र सामग्रीको बारेमा पावरप्वाइन्ट प्रस्तुतिका आधारमा थप स्पष्ट बताइदिनुहोस्।

**क्रियाकलाप ३: पढाइ सिप विकासका नमुना शिक्षण अभ्यास (५० मिनेट)**

- सहभागीलाई कक्षा ६, ७ र ८ बाट कुनै एक पाठ छनोट गरी पढाइ सिप सिकाइ सहजीकरणका लागि तयारी गर्न १० मिनेटको समय दिनुहोस्।
- सहभागी मध्येबाट गोलाप्रथाबाट ३ जना सहभागी चयन गरी कक्षा ६ बाट १ जना, कक्षा ७ बाट १ जना र कक्षा ८ बाट १ जनालाई सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न लगाउनुहोस्।
- सहजीकरणपश्चात् बाँकी सहभागीबाट पृष्ठपोषण माग गर्नुहोस्।
- सहजकर्ताका तर्फबाट समेत पृष्ठपोषण दिनुहोस्।

**प्रतिबिम्बन (१० मिनेट)**

- पढाइ शिक्षणमा प्रयोग गर्न सकिने सामग्रीहरू के के हुन् ?
- पढाइ सिप विकासका लागि के के क्रियाकलाप गर्न सकिन्छ ?

## लेखाइ सिप विकास

**दिनः दोस्रो** **सत्रः तेस्रो** **समयः १ घण्टा ३० मिनेट**

### परिचय

सुनेका, पढेका, देखेका विषयवस्तुलाई लेख्य सङ्केतद्वारा प्रस्तुत गर्नु लेखाइ हो। अभिव्यक्ति गर्ने आधारभूत सिपका रूपमा बोलाइलाई लिइन्छ भने विशिष्ट सिपका रूपमा लेखाइलाई लिइन्छ। लेखाइमा वर्ण, मात्रा, शब्द, वाक्य र अनुच्छेदलगायतका लेखन सम्बद्ध पक्षको अभ्यास गराइन्छ। लेखाइमा अनुलेखन, श्रुतिलेखन, अनुच्छेद लेखन, स्वतन्त्र लेखनलगायतका क्रियाकलाप गरिन्छ। आधारभूत तहको पाठ्यक्रम कक्षा ६ देखि ८ ले वर्ण, शब्द, वाक्य र अनुच्छेद लेखन, अनुलेखन, श्रुतिलेखन, अनुभव लेखन, सार लेखन, प्रश्नोत्तर लेखन, भाव लेखन, निर्देशित, सिर्जनात्मक र समालोचनात्मक लेखन, व्यावहारिक लेखन जस्ता विषयक्षेत्रहरूलाई समेटेको छ। यस सत्रमा यिनै विषयवस्तुको प्रयोग अभ्यासका बारेमा छलफल गरिने छ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन्।

- लेखाइका लागि उपयोगी शैक्षणिक सामग्री, शैक्षणिक विधि (क्रमिक सिकाइ रणनीति र गतिशील सिकाइ समूह निर्माण) र सम्भावित क्रियाकलाप प्रस्तुत गर्न
- लेखाइका भाषिक क्रियाकलापका आधारमा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन तथा अभ्यास गर्न

### सामग्री

- पाठ्यक्रम
- पाठ्यपुस्तक
- शिक्षक निर्देशिका

### विषयवस्तु

- लेखाइका लागि उपयोगी शैक्षणिक सामग्री, शैक्षणिक विधि र सम्भावित क्रियाकलाप
- लेखाइका भाषिक क्रियाकलापका आधारमा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन तथा अभ्यास

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १: सुरूवाती क्रियाकलाप** **(१० मिनेट)**

- सहजकर्ताले सहभागीलाई कुनै चित्र देखाई चित्रको बारेमा पाँच वाक्य लेख्न लगाउनुहोस्।
- जसले छिटो लेख्छ, तीमध्ये कुनै चार जनालाई अगाडि बोलाउनुहोस्।
- चारै जनाले लेखेको वाक्य पढ्न लगाउनुहोस्।
- सहजकर्ताले उक्त ४ जना जना बाहेकका अन्य सहभागीलाई निम्नलिखित प्रश्नहरू गर्नुहोस्।

- अहिले गरेको क्रियाकलापबाट कुन सिप विकास गर्न खोजिएको हो ?
- यस क्रियाकलापबाट के कुरा सिक्नुभयो ?

- सहभागीको प्रतिक्रियापछि सहजकर्ताले लेखाइको महत्वको सम्बन्धमा पावरप्वाइन्ट वा चार्टमा आफ्नो प्रस्तुति दिनुहोस्।

**क्रियाकलाप २: बिङ्गो खेल (लेखाइ सिप विकासमा उपयोग गर्न सकिने शैक्षणिक सामग्री, क्रमिक सिकाइ रणनीति र सम्भावित क्रियाकलापको प्रयोग) (३५ मिनेट)**

- विद्यालयमा भइरहेका क्रियाकलापहरूलाई ध्यानमा राखी बिङ्गो खेलमार्फत लेखाइका क्रियाकलाप, शिक्षण विधि र सामग्रीहरूको बारेमा छलफल गराउनुहोस्।
- तलको बाकसमा ९ ओटा विषयहरू दिइएका छन्। सहभागीहरूलाई प्रत्येक बाकसमा भएका विषयवस्तुका बारेमा भन्न सक्ने एक जना साथीको नाम लेख्न लगाउनुहोस्। उत्तर दिने साथीको नाम दोहोरिनु हुँदैन।

| | | |
|---|---|---|
| लेखाइका कार्यकलापहरू | लेखाइको आवश्यकता | लेखाइ शिक्षणमा प्रयोग गरिने सामग्री र तिनको प्रयोग |
| लेखाइ शिक्षणका विधि | लेखाइ शिक्षणको नमुना शिक्षण अभ्यास | गीत गाउने |
| पाठ्यपुस्तकमा भएको कुनै १ उदाहरण | क्रमिक सिकाइ पद्धतिको उदाहरण | चुट्किला भन्ने |

- सहभागीले चार्टमा लेखिएका प्रत्येक प्रश्नको उत्तर सहभागी साथीबाट खोज्न लगाउनुहोस्। जुन सहभागीले उक्त प्रश्नको बारेमा बताउन सक्नुहुन्छ, उहाँसँग सोधेर उक्त सहभागीको नाम प्रश्नसँग सम्बन्धित चार्टको कोठामा लेख्न लगाउनुहोस्।
- चार्टका सबै प्रश्नको उत्तर भन्न सक्ने साथीहरूको नाम लेखिसकेपछि बिङ्गो भन्न लगाउनुहोस्।
- यसरी बिङ्गो भन्दा सबैभन्दा पहिला बिङ्गो भनेर बुझाउने ५ जनाको कापीमा १, २, ३, ४, ५ को क्रम लेख्नुहोस्।
- पहिलो नम्बर लेखिएको बिङ्गो चार्टमा उल्लेख भएअनुसारको व्यक्तिलाई प्रश्नको उत्तर सोध्नुहोस् र छलफल गर्नुहोस्। छलफलका क्रममा प्रश्नसँग सम्बन्धित भई थप स्पष्टता, प्रदर्शन र अभ्याससमेतलाई ध्यान दिनुहोस्।
- बिङ्गो बाकसमा लेखिएको व्यक्तिले सोका बारेमा बताउन नसकेमा सो बिङ्गो भन्ने सहभागीलाई आउट गरी दोस्रो क्रमको बिङ्गो लिई बाँकी प्रश्नको बारेमा छलफल गराउनुहोस्। यो क्रम सबै प्रश्नको छलफल नहुन्जेसम्म गरिरहनुहोस्।
- जसले सबै प्रश्नको जवाफ दिन सक्छ, उसको बिङ्गोलाई बिजेता घोषणा गर्नुहोस्।

- बिङ्गो खेलमा सहभागीले भनेका विषयलाई समेट्दै लेखाइ शिक्षणका क्रियाकलाप, ती क्रियाकलापमा प्रयोग गर्न सकिने सामग्री, क्रमिक सिकाइ पद्धतिको उपयोगका बारेमा स्पष्ट पार्नुहोस्।

**क्रियाकलाप ३: लेखन नमुना अभ्यास (३५ मिनेट)**

- सहभागीलाई पाठ्यपुस्तकमा भएका लेखाइका कार्यकलापका प्रश्नहरू दिई लेख्न लगाउनुहोस्।
- सहभागीले लेखेका उत्तरमा जोडीमा मूल्याङ्कन गर्न लगाउनुहोस्।
- जोडीले मूल्याङ्कन गरेपश्चात् थप परिष्कारसहित समूहमा पाँच जनाको समूहमा प्रस्तुत गर्न लगानुहोस्।
- समूहले दिएका पृष्ठपोषणका आधारमा थप परिष्कार गरी प्रस्तुत गर्न लगाउनुहोस्।
- सहभागीको प्रस्तुतीकरणमा सहजकर्ताबाट पृष्ठपोषण प्रदान गर्नुहोस्।

**प्रतिबिम्बन (१० मिनेट)**

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न लगाउनुहोस्।

- लेखाइ सिप विकासका लागि केकस्ता कार्यकलाप गर्न सकिन्छ ?
- लेखाइ सिप शिक्षणमा प्रयोग गर्न सकिने सामग्रीको चार ओटा नाम भन्नहोस् ?

# शब्दभण्डार शिक्षणका क्रियाकलाप र सहजीकरण अभ्यास

**दिनः तेस्रो** **सत्रः पहिलो** **समयः १ घण्टा ३० मिनेट**

## परिचय

वर्ण वा वर्ण समूहबाट बनेको कुनै अर्थ बुझाउने ध्वनि, सार्थक पद वा लवज नै शब्द हो। शब्दको प्रचलित तथा सामान्य अर्थ र व्युत्पत्तिगत अर्थलाई शब्दभण्डार भनिन्छ। भाषालाई अर्थयुक्त, सन्दर्भयुक्त तथा सम्प्रेषणयुक्त बनाउन शब्दले आधारभूत भूमिका खेलेको हुन्छ। अर्थयुक्त शब्दबिना त्यसभन्दा माथिल्ला भाषिक एकाइहरू नबन्ने भएकाले शब्दगत आधार भाषाको पृष्ठभूमिगत आधार हो। शब्दभण्डार भनेको भाषाका शब्दहरूको ढुकुटी हो। शब्दभण्डारका माध्यमबाट शब्दार्थ शिक्षण गर्न सकिन्छ। शब्दभण्डार भाषिक सिप विकासका लागि पूर्वावश्यक सर्त हो। धेरैभन्दा धेरै शब्दको अर्थपूर्ण जानकारी तथा तिनको भण्डारका लागि शब्दार्थ र शब्दभण्डार शिक्षण एउटा महत्वपूर्ण एवम् आधारभूत भाषा शिक्षण कार्य हो। आधारभूत तहको पाठ्यक्रम (कक्षा ६-८) ले तहगत रूपमा निर्धारण गरेका नेपाली भाषा सिकाइका सक्षमताहरू प्राप्त गर्न कक्षागत रूपमा शब्दभण्डारका विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गरेको छ। यस सत्रमा हामी शब्दभण्डार शिक्षणक क्रियाकलाप, विधि, सामग्रीको उपयोग र सहजीकरण तरिकाका बारेमा सिक्ने छौँ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन्।

- शब्दभण्डार शिक्षणका क्रियाकलाप तथा विधिहरूको पहिचान र प्रयोग गर्न
- शब्दभण्डार शिक्षणका लागि सामग्रीको पहिचान गरी उपयोग गर्न
- शब्दभण्डार शिक्षणमा सिकाइ सहजीकरणका तरिका पहिचान गरी प्रयोग गर्न

## सामग्री

- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका
- नेपाली बृहत् शब्दकोश
- शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती शब्दसूची
- पावरप्वाइन्ट स्लाइड

## मुख्य विषयवस्तु

- शब्दभण्डार शिक्षणका क्रियाकलाप तथा विधिहरू
- शब्दभण्डार शिक्षणका सामग्रीहरू
- शब्दभण्डार शिक्षणमा सिकाइ सहजीकरणका तरिका

**सहजीकरण क्रियाकलापहरू**

**क्रियाकलाप १: नामबाट शब्द निर्माण खेल** **(१५ मिनेट)**

- सहभागीलाई कापीमा आफ्नो नाम लेख्न लगाउनुहोस्। त्यसपछि उक्त नाममा प्रयोग भएका वर्ण तथा मात्राहरू टिप्न लगाउनुहोस्। दुई मिनेटको समय तोकी ती वर्ण र मात्रा प्रयोग गरेर सकेसम्म बढी शब्दहरूको सूची बनाउन लगाउनुहोस्। सबैभन्दा बढी शब्द बनाउने सहभागीलाई विजेता घोषित गरी शब्द सूची पढेर सुनाउने अवसर पनि प्रदान गर्नुहोस्।

> उदाहरणः
> - नामः ढाकाराम कोइराला
> - वर्णहरूः ढ, क, र, म, क, इ, ल
> - मात्राहरूः ा, ो
> - बन्न सक्ने शब्दहरूः ढाका, कार, मार, कोल, लामो, राम, काम आदि

- खेल खेलिसकेपछि यो खेल कुन पक्षसँग सम्बन्धित छ भनी सोध्नुहोस्। आधारभूत तहमा शब्दभण्डार बढाउन तथा शब्द निर्माण सिकाउन यस्ता क्रियाकलाप पनि गर्न सकिने कुरा भन्नुहोस्।

**क्रियाकलाप २: विपरीतार्थी शब्द पहिचान खेल** **(३० मिनेट)**

- सहभागीहरूलाई दुई समूहमा विभाजित हुन भन्नुहोस्। दुवै समूहमा बराबरी सदस्यहरू राख्नुपर्ने छ।
- दुवै समूहलाई दायाँ र बायाँ लाइनमा उभिन भन्नुहोस्।
- सत्र सुरू हुनुभन्दा अगाडि नै सहजकर्ताले १६ ओटा विपरीतार्थी शब्दहरू मेटाकार्डमा लेख्नुहोस्। तिनको विपरीत अर्थ आउने शब्दहरूलाई भने दुई दुई ओटा मेटाकार्डमा लेख्नुहोस्। निर्धारित शब्दका विपरीतार्थी शब्दपत्तीहरू छरिएको ठाउँमा दुई दुई ओटा हुनुपर्ने छ ता कि एक जना सहभागीले गलत शब्द जोडा मिलाए पनि अर्को सहभागीलाई सही शब्द जोडा मिलाउन सामग्री अपुग नहोस्। केही नमिल्दा शब्दहरू पनि मेटाकार्डमा लेख्नुहोस्।
- सहभागीको अगाडि एउटा रेखा तान्नुहोस्। रेखाभन्दा पर यसअघि नै तयार पारेर ल्याएका विपरीतार्थी शब्दहरू र नमिल्दा शब्दहरूलाई छ्यासमिस पारी राख्नुहोस्।
- दुई ओटा समूहको रेखामा छोएर पहिलो समूहलाई ८ ओटा शब्द र दोस्रो समूहलाई ८ ओटा शब्द घोप्टो पारी राखिदिनुहोस्।
- खेल सुरू भएपछि क्रमशः रेखामा राखिएका शब्द हेर्दै ती शब्दको विपरीत अर्थ आउने शब्द पहिचान गरी टिपेर ल्याई भुइँमा राख्न लगाउनुहोस्।
- यसरी शब्द टिपोट गर्न जाँदा एउटा समूहबाट एकपटकमा एक जना मात्र जान सकिने कुरा बताइदिनुहोस्।

- जुन समूहले सबै शब्दको जोडा मिलाउन सक्छ, उसलाई विजेता घोषित गर्नुहोस्।
- सबै सहभागीलाई गोलो घेरामा राखी यो क्रियाकलापबाट कुन सिपको विकास भयो र तपाईंले सिकाइ सहजीकरणमा गर्दै आउनुभएका यस्तै अन्य क्रियाकलापहरू के के हुन सक्छन् भनी अनुभव आदानप्रदान गर्न लगाउनुहोस्।
- अन्त्यमा सहभागीका विचार समेट्दै शब्दभण्डार शिक्षणमा प्रयोग हुने क्रियाकलाप, विधि र सामग्रीको बारेमा बताइदिनुहोस्।

**क्रियाकलाप ३:शब्दार्थ र वाक्यमा पहिचान बिङ्गो खेल** **(२५ मिनेट)**

- सहभागीलाई ९ ओटा कोठाको चार्ट बनाउन लगाउनुहोस्।
- सहभागीलाई १२ ओटा शब्दहरू दिई कोठामा छ्यासमिस गरी लेख्न लगाउनुहोस्।
- सहजकर्ताले १२ ओटा शब्दको अर्थ पहिचानका लागि वाक्यमा प्रयोग, परिभाषा, शाब्दिक अर्थ, पयार्यवाची, वाक्यमा प्रयोग भएका वाक्यहरू सुनाई बिङ्गो खेल बाकसमा ठिक चिह्न लगाउन लगाउनुहोस्।
- शब्दार्थ र वाक्यमा पहिचानका अर्थहरू क्रमशः भन्दै जानुहोस्।भन्दै जाँदा सुरूको ठाडो लाइन, तेस्रो लाइन मिलेमा बिङ्गो भन्न लगाउनुहोस्।
- सबै शब्द भनिसकेपछि पूरै बिङ्गो भन्न लगाउनुहोस्।
- बिङ्गो विजेता घोषित गर्नुहोस्।
- सहजीकरणका क्रममा बिङ्गो खेल र अन्य कार्यकलापलाई शब्दभण्डार शिक्षणमा उपयोग गर्न सकिने पक्षको बारेमा छलफल गरी निष्कर्ष बताइदिनुहोस्।

**प्रतिबिम्बन/मूल्याङ्कन** **(१० मिनेट)**

- शब्दभण्डार शिक्षणका क्रियाकलापहरू के के हुन् ?
- शब्दभण्डार शिक्षणमा उपयोग गर्न सकिने सामग्रीहरू के के हुन् ?

# भाषिक संरचना र वर्ण विन्यास

**दिनः तेस्रो** **सत्रः दोस्रो** **समयः १ घण्टा ३० मिनेट**

## परिचय

भाषा सिकाइका क्रममा भाषिक संरचनाको पनि सिकाइ हुन्छ। भाषिक संरचना भनेको भाषाका ध्वनि, वर्ण, अक्षर, शब्द, वाक्य र सङ्कथनसम्मका विभिन्न अवयवको प्रयोगात्मक पहिचान र प्रयोग हो। यस तहमा शब्दको अक्षर संरचना पहिचान, शुद्ध उच्चारण, नेपाली भाषाका विशेषताको पहिचान र मानक भाषाको प्रयोगलाई भाषिक सक्षमताका रूपमा प्रस्तुत गरिएको छ। यस्तै पाठमा प्रयुक्त शब्दवर्गको पहिचान, अनुच्छेदमा प्रयोग गरिएका काल, भाव, करण अकरण, वाक्य र वाच्यको पहिचा तथा निर्दिष्ट विषयको वर्णन र सङ्केतका आधारमा वाक्यान्तरण मुख्य भाषिक संरचनाका रूपमा रहेका छन्। भाषिक संरचना भाषिक पुनरूत्पादनसँग सम्बन्धित हुन्छ। भाषा सिकाइका क्रममा प्राप्त सिपलाई विभिन्न क्षेत्रमा प्रयोग गर्नु यसको उद्देश्य हो।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नानुसारका कार्य गर्न सक्ष हुने छन्।

- पाठ्यक्रममा उल्लिखित भाषिक संरचनाका क्षेत्रहरूको पहिचान, अभ्यास र प्रस्तुतीकरण गर्न
- वर्णविन्यासको पहिचान र प्रयोग गर्न

## सामग्री

- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका
- शब्दवर्ग, काल, भाव, करण अकरण, वाक्य र वाच्य र वर्णविन्यास शिक्षणका लागि वाक्य तथा अनुच्छेद पत्ती
- मेटाकार्ड

## मुख्य विषयवस्तु

- शब्दवर्ग, काल, भाव, करण अकरण, वाक्य र वाच्य, र वाक्यान्तरण
- वर्णविन्यासको पहिचान र प्रयोग

## सहजीकरणका क्रियाकलाप

### क्रियाकलाप १: काल पहिचान खेल (४० मिनेट)

- सहजकर्ताले सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस्। आवश्यकतानुसार बढी समूह पनि निर्माण गर्न सक्नुहुने छ। प्रशिक्षकले देहायअनुसारको क्रममा सहभागीहरूलाई भाषा संरचनाका सम्बन्धमा सहजीकरण गर्नुहोस्। नमुनाका रूपमा यहाँ भाषा संरचनाअन्तर्गत कालको विषयवस्तु लिइएको छ।
    - **प्रस्तुतीकरणः** सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस्। हरेक समूहबाट एक एक जना प्रतिनिधि बोलाई तपाईंले हिजो के गर्नुभयो ? तपाईं अहिले के गर्नुहुन्छ ?

तपाईँ भोलि के गर्नु हुने छ ? भनी प्रश्न सोध्नुहोस् र एक एक वाक्य सबैले देख्ने गरी लेख्न लगाई प्रस्तुतीकरण गर्नुहोस्।

- **पहिचानः** सहभागीहरूलाई समूहमा छलफल गरेर भूत, वर्तमान र भविष्यत् काल जनाउने वाक्यहरू लेखिएको अनुच्छेद प्रस्तुत गर्नुहोस्। प्रस्तुत गरिएको अनुच्छेदबाट विभाजन गरिएका तीन समूहलाई भूत, वर्तमान र भविष्यत् कालका दुई दुई ओटा वाक्य पहिचान गरी लेख्न लगाउनुहोस्।
- **पुनःउत्पादनः** सहभागीहरूलाई समूहमा रहेर पहिचान गरेकै प्रकृतिका अन्य दुई दुई ओटा स्वतन्त्र वाक्यहरू लेख्न लगाउनुहोस्।
- **प्रयोग/अभ्यासः** सहभागीहरूलाई समूहमा रहेर कुनै विषय शीर्षक दिएर तथा नदिई भूत, वर्तमान र भविष्यत् कालका वाक्यहरू प्रयोग गरी अनुच्छेद रचना गर्न लगाउनुहोस्।
- **मूल्याङ्कन र पृष्ठपोषणः** सहभागीहरूले समूहमा रहेर भूत, वर्तमान र भविष्यत् कालका वाक्य प्रयोग गरी रचना गरेको अनुच्छेदको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस्। सहभागीहरूसँग कालमा आधारित भएर गरिएको प्ररस्तुतीकरणदेखि पृष्ठपोषणसम्मका चरणहरूको छलफल गर्नुहोस् र आवश्यक सहजीकरण गरी निष्कर्षमा पुग्नुहोस्।

**क्रियाकलाप २: सही वाक्य चयन खेल** (२० **मिनेट**)

- सहभागीहरूमध्येबाट कुनै दुई जना बोलाउनुहोस्।
- व्याकरणका विभिन्न कोटिलाई आधार मानी भाषिक खेलका लागि तयार गर्नुहोस्।
- प्रतियोगी सहभागीलाई उभिन लगाई टिप्न मिल्ने कुनै हलुका सामग्री टेबुलको बिचमा राख्नुहोस्।
- सहजकर्ताले पाँच चरणमा व्याकरणका कोटि सम्बद्ध वाक्य भन्नुहोस्।
- फरक प्रकृतिका वाक्य भन्नासाथ सामग्री टिप्न लगाउनुहोस्।
- जसले पहिला सामग्री टिपोट गर्छ, उसलाई अङ्क प्रदान गर्नुहोस्।
- अन्तिममा प्राप्त अङ्कका आधारमा विजयी घोषण गर्नुहोस्।
- प्रस्तुत क्रियाकलापका सम्बन्धमा सहभागीहरूका अनुभूति साटासाट गर्नुहोस्। अन्त्यमा खेलका माध्यमबाट रमाइलो ढङ्गले व्याकरण शिक्षण गर्न सकिने निष्कर्षमा पुग्नुहोस्।

**क्रियाकलाप ३: वर्णविन्यास पहिचान र प्रयोग** (२० **मिनेट**)

- सहभागीसँग वर्ण विन्यास शिक्षणको आवश्यकताबारेमा छलफल गर्नुहोस्।
- सहभागीसँग वर्ण विन्यासका ह्रीवदीर्घ, श, ष, सको प्रयोग, व-बको प्रयोग, ऋ-रिको प्रयोग, ज्ञ-ग्यको प्रयोग, अजन्त-हलन्तको प्रयोग, शिरबिन्दु, चन्द्रबिन्दु र पञ्चमवण, य/ए को प्रयोग,क्ष/छे

को प्रयोग, द्य/द्ध को प्रयोग, पदयोग र पदवियोगका प्रमुख त्रुटिक्षेत्रका बारेमा छलफल गर्नुहोस्।

- वर्णविन्यास शिक्षणका श्रुतिलेखन, अनुलेखन, हिज्जे प्रतियोगिता, स्वतन्त्र लेखन, शब्दको उपयोग, लेखन शुद्धीकरण, अभ्यास र पुनरावृत्ति, वर्ण विन्याससम्बन्धी खेलहरू, वर्णविन्यास निर्देशिका र शब्दकोशको प्रयोग जस्ता क्रियाकलापका बारेमा सहभागीलाई प्रयोगात्मक अभ्यास गराउनुहोस्।
- प्रशिक्षकले पहिले नै तयार पारेका तलका जस्ता अनुच्छेदबाट सहभागीलाई वर्णविन्यासको शुद्धीकरण अभ्यास गराउनुहोस्। यो क्रियाकलाप गराउँदा;
    - अनुच्छेद नदेखाई पढेर सुनाउने र लेख्न लगाउने
    - लेखेका कुरा साथीबाट जाँच गराई शुद्ध सङ्ख्या पहिचान गर्ने
    - अनुच्छेद देखाएर सच्याउन लगाउने

**नमुना**

पूर्वीय दर्शनलाई पुर्बेलीहरूले नै राम्ररी दर्साउँछन्। कोही आकाशतिर आकासिन्छन् र कोही विदेशतिर बिदेसिन्छन्। क्रिस्चियन, कम्युनिस्ट, धर्मनिष्ठ जोसुकैले स्विकार्नुपर्ने कुरा स्वीकार गर्नै पर्छ। इन्डिया वा पोल्यान्ड जहाँ गए पनि स्फूर्तिका साथ काम नगरी फुर्ती मात्रै गरेर सफल भइँदैन। के कुरा स्पष्ट छ भने घमन्ड गरेको खण्डमा गुन्डाको पनि पतन हुने कुरा प्रस्ट छ। महत्वपूर्ण तत्व भ्रातृत्व र कवित्वमा पाइन्छ भन्ने कुरा उज्ज्वल भविष्यको सपना बोकेको प्रज्वललाई थाहा छ। असल श्रोताको ज्ञानको स्रोत ज्ञानमुखी प्रवचन हुने गर्छ।

**प्रतिविम्बन/ मूल्याङ्कन** **(१० मिनेट)**

- पाठ्यक्रममा उल्लिखित भाषिक संरचनाका क्षेत्रहरूको पहिचान, अभ्यास र प्रस्तुतीकरणका आधारमा शिक्षण गर्दा कस्ता खालका कार्यकलाप बनाई शिक्षण गर्नुपर्छ ?
- वर्णविन्यासको पहिचान र प्रयोग कसरी गर्न सकिन्छ ?

# भाषिक प्रकार्य

**दिन : तेस्रो** **सत्र : तेस्रो** **समय : १ घण्टा ३० मिनेट**

**परिचय**

समाजमा रहनसहन, रीतिस्थिति, घरव्यवहार, दैनिक व्यवहार, सामाजिक, सांस्कतिक, धार्मिक, राजनीतिक, आर्थिक आदि व्यवहार सम्पन्न गर्न प्रयोग गरिने भाषिक व्यवहार भाषिक प्रकार्य हो। शिक्षा, सञ्चार आदिमा भिन्नाभिन्नै भाषिक प्रकार्यको उपयोग हुन्छ। वक्ताको उद्देश्य र आशय बोधका लागि सामग्री पठन र प्रकार्यगत भाषाको प्रयोग गर्न भाषिक प्रकार्यको उपयोग गरिन्छ। भाषिक कार्य सम्पादनमा सिर्जनात्मक र समालोचनात्मक सिपको पनि उपयोग हुन्छ। भाषिक प्रकार्य भाषा बनाउने तत्त्वको प्रयोग तथा व्याख्या तथा भाषा प्रयोग गर्ने तरिका पनि हो। भाषिक प्रकार्यका अभिव्यक्तिगत, इच्छापरक, अभिधापरक, सम्पर्कपरक, काव्यात्मक, सन्दर्भपरक, अधिभाषिक आदि स्वरूप हुन्छन्। भाषिक प्रकार्यको जानकारीबाट विभिन्न सन्दर्भमा कस्तो भाषा प्रयोग हुन्छ भन्ने जानकारी हुन्छ।

**उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नानुसारका कार्य गर्न सक्षम हुने छन्।

- भाषिक प्रकार्यको बारेमा बताउन
- भाषिक प्रकार्यको उपयोग गर्न

**सामग्री**

- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका
- भाषिक प्रकार्यका केही नमुना
- ल्यापटप, मार्कर, मेटाकार्ड, न्युजपेपर आदि

**मुख्य विषयवस्तु**

- भाषिक प्रकार्यका प्रकार
- भाषिक प्रकार्यको उपयोग

**सहजीकरणका क्रियाकलाप**

**क्रियाकलाप : १ स्वागत खेल** **(२० मिनेट)**

- सहभागीहरूलाई तालम कक्षमा फूलका गुच्छाहरू दिँदै स्वागत गर्नुहोस्। उनीहरूले तालिममा गरेको विश्वास, उनीहरूको सहभागिताको प्रशंसा र आजको तालिमको विषयवस्तुमा अनुमान गर्न लगाउनुहोस् र आवश्यक छलफल गर्नुहोस्।

**क्रियाकलाप : २ भाषिक प्रकार्य पहिचान र प्रयोग** **(३० मिनेट)**

- सहभागीलाई तीन समूहमा विभाजन गरी समूह १ लाई कक्षा ६, समूह २ लाई कक्षा ७ र समूह ३ लाई कक्षा ८ का निम्नलिखित भाषिक प्रकार्यको अध्ययन गरी यी भाषिक प्रकार्य शिक्षण गर्ने सामान्य तरिका र प्रकार्यका स्वरूप टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस्।
- प्रत्येक समूहको प्रस्तुतिमाथि अन्य समूहबाट पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस्।
- समूहको प्रस्तुति र छलफलपछि कक्षा ६, ७ र ८ मा रहेका समान प्रकार्य र भिन्न प्रकार्य छुट्याउन लगाउनुहोस्।
- सहजकर्ताले भाषिक प्रकार्यको नमुना प्रस्तुत गर्नुहोस्।
- सहभागीहरूलाई अघिकै समूहमा एक एक भाषिक प्रकार्य दिएर प्रस्तुतीकरण गर्न लगाउनुहोस्।
- समूहमा छलफल र अनुभव साटासाट गर्न लगाई सन्दर्भमा आधारित भई भाषिक प्रकार्यको शिक्षण गर्न सकिने निष्कर्षमा पुग्नुहोस्।

| **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|
| अनुरोध | विनम्रता | सामर्थ्य |
| समीक्षा | शुभेच्छा | सम्भावना |
| विचार प्रस्तुति | अनुभूति | मूल्याङ्कन |
| स्वागत र आतिथ्य | प्रशंसा | आश्चर्य |
| सहयोग | विशिष्टीकरण वा सामान्यीकरण | कारण र प्रभाव |
| सामाजिक सहकार्य र सद्भाव | जिज्ञासा | पश्चात्ताप |
| उद्घोषण | तुलना | उदाहरणसहितको पुष्टाइँ |
| इच्छा अनिच्छा | अपेक्षा र विश्वास | सम्मान |
| स्नेह र प्रशंसा | ध्यानाकर्षण | सुझाव |
| सान्त्वना र प्रोत्साहन | निष्कर्ष पहिचान | समस्याको प्रस्तुति |
| सहानुभूति | उत्सुकता | सोधपुछ |
| विश्वास र अविश्वास | प्रेरणा | इच्छा |
| हेरचार/ संवर्धन | सम्प्रेषण | विनयशीलता |
| कार्यक्रम सञ्चालन | अवस्था वर्णन | दैनिकी वर्णन |
| प्रतिबद्धता | परिकल्पना | विषय विस्तार |
| आज्ञा वा आदेश | सावधानी | निर्देशन |
|  | समालोचनात्मक सोच | अनिच्छा |

**क्रियाकलाप ३: बिङ्गो खेल** **(३० मिनेट)**

- सहजकर्ताले सहभागीहरूलाई बिङ्गो खेलका लागि तयार गर्नुहोस्।
- उदाहरणको रूपमा तल दिईएको जस्तै प्रकृतिको बिङ्गो आफैं पनि निर्माण गर्न सक्नुहुने छ।

| | | | |
|---|---|---|---|
| प्रस्ताव | सावधानी | उद्घोषण | विश्वास |
| परिभाषा | आदेश | | जिज्ञासा |
| बिदाइ | परिकल्पना | आश्चर्य | बिन्ती |
| प्रतिज्ञा | निषेध | स्वागत | समवेदना |

सहयोग : हामी साथीलाई मद्दत गर्छौं।
स्वागत : अतिथिलाई गरिने अभिनन्दन
उद्घोषण : कार्यक्रम सञ्चालन गर्ने काम
विश्वास : आस्था
प्रतिज्ञा : म यो काम गर्ने अठोट गर्छु।
आदेश : काम गर्ने आज्ञा दिन्छु।
अनुरोध : मेरो कुरा सुनिदिन नम्रतापूर्वक प्रार्थना गर्दछु।
जिज्ञासा : मलाई नुन्थलाको रहनसहन जान्ने इच्छा छ।
समवेदना : दुःखमा प्रकट गरिने भाव
आश्चर्य : ओहो ! कस्तो अनौठो मानिस।
बिन्ती : म प्रधानाध्यापक समक्ष नम्र निवेदन गर्दछु।
परिभाषा : कुनै कुराको परिचय दिनु
निषेध : तपाईंलाई सोलुखुम्बु आउन रोक लगाइएको छ।
प्रस्ताव : म गाउँमा सरसफाइ गर्ने विचार प्रस्तुत गर्छु।
बिदाइ : आफ्नो बाटाखर्च ईश्वर सरबाट लिनुहोला।
साबधानी : नुन्थलामा पहिरो जान सक्छ।
सम्भावना : आज सल्लेरी पुगिएला।
सोधपुछ : तपाईंले कुनै नयाँ मान्छे भेट्नुभयो ?
समस्या प्रस्तुति :मैले विद्यालयको शैक्षिक सुधार गर्न सकिन।
सान्त्वना : अहिलेको परीक्षामा राम्रो नतिजा नआए पनि पछि राम्रो गर्न सक्नुहुने छ।
निष्कर्ष : आज दुई बजे तालिम सक्ने टुङ्गो लगायौं।

- बिङ्गो खेलपछि सहभागीहरूसँग अनुभव आदानप्रदान गर्नुहोस्। सन्दर्भमा आधारित भएर रमाइलो ढङ्गले भाषिक प्रकार्यको सिकाइ सहजीकरण गर्न सकिने निष्कर्षमा पुग्नुहोस्।

- भाषिक प्रकार्यका प्रकार, तोकिएका भाषिक प्रकार्यको लेखन, प्रयोग तथा शिक्षण र मुख्य सिकाइ कार्यकलापका बारेमा निष्कर्ष छलफल गराउनुहोस्।

**प्रतिबिम्बन** **(१० मिनेट)**

- कुनै एक भाषिक प्रकार्यको नमुना प्रस्तुत गर्नुहोस्।

# सूचना तथा सञ्चार प्रविधिको उपयोग

**दिन : चौथो** **सत्र : पहिलो** **समय : १ घण्टा ३० मिनेट**

**परिचय**

प्रविधिमैत्री शिक्षणको सान्दर्भिकता बढेसँगै शिक्षक केन्द्रितभन्दा प्रविधि केन्द्रित शिक्षणले विद्यार्थीलाई आफैं सिक्न प्रेरित गरेको छ। रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा, इमेल इन्टरनेट जस्ता सञ्चार प्रविधिका उपकरणहरू बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी शिक्षण सामग्रीका रूपमा प्रयोग हुने गरेका छन्। संवाद, छलफल, प्रश्नोत्तर जस्ता क्रियाकलापका माध्यमबाट भाषिक सञ्चार गरिन्छ। सञ्चार प्रविधिले सिकाइलाई प्रभावकारी र अर्थपूर्ण बनाउन मदत गर्दछ। सिकारूमा उपयुक्त ज्ञान, सिप र धारणाको व्यावहारिक विकासमा सञ्चार प्रविधिको भूमिका बढ्दो छ। त्यसैले यस सत्रमा हामी नेपाली भाषाशिक्षणका क्रममा प्रयोग गर्न सकिने सूचना तथा सञ्चार प्रविधिको बारेमा छलफल गर्ने छौं।

**उद्देश्य**

- भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको महत्त्व बताउन
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न

**सामग्री**

- पाठ्यक्रम
- शिक्षक निर्देशिका
- पाठ्यपुस्तक

**मुख्य विषयवस्तु**

- भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको महत्त्व
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

**सहजीकरण क्रियाकलापहरू**

**क्रियाकलाप १: भित्र र बाहिर खेल** **(२० मिनेट)**

- सहभागीहरूलाई गोलो घेरामा उभिन लगाउनुहोस्।
- सहजकर्ताले सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित केही वाक्यांशहरू सुनाउनुहोस्।
- सहजकर्ताले प्रश्न बनाउँदा सही र गलत भन्दा पनि तार्किक उत्तर दिएर पुष्टि गर्न सक्ने वाक्यांश दिनुहोस्।
- ती वाक्यांश सुनिसकेपछि सहमत भए गोलो घेराको भित्र र असहमत भए गोलो घेराको बाहिर बस्न लगाउनुहोस्।
- गोलो घेराको भित्र बस्नेलाई के कारणले सहमत हुनुभयो र गोलो घेराको बाहिर बस्नेलाई के कारणले असहत हुनुभयो भनी प्रश्न सोध्नुहोस्।

- यसरी प्रश्न सोध्दा सहमत हुने ठिक र असहमत हुने बेठिक नभई स्वतन्त्र रूपमा आफ्नो धारणा प्रस्तुत गर्न सक्ने कुरा बताइदिनुहोस्।

- शिक्षण सिकाइलाई प्रभावकारी र व्यावहारिक बनाउनका लागि भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य छ।
- विद्यार्थीको सक्रिय सहभागिता, रूचिपूर्णता, सान्दर्भिकता र दिगो सिकाइ जस्ता पक्षको विकासका लागि सूचना तथा सञ्चार प्रविधिका साधनहरूको प्रयोग गरी शिक्षण गर्नुपर्ने हुन्छ।
- भाषिक सिप शिक्षणमा मोबाइल पेडागोजी, जुम, गुगल मिट, गुगल क्लासरूम, पावरप्वाइन्ट, इमेल, इन्टरनेटको उपयोग गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिन्छ।
- असहज परिस्थितिमा विद्यालय बाहिर रहेर पनि शिक्षण सिकाइ सहजीकरण गर्न सकिन्छ।
- सूचना तथ सञ्चार प्रविधिको प्रयोगले खोज्ने, अध्ययन गर्ने बानीको विकास हुन्छ।
- अभिभावकसँग विद्यालयको नियमित सम्पर्क कायम हुने र अभिभावकलाई बालबालिकाको सिकाइका बारेमा अवगत हुन्छ।
- भाषा शिक्षणमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्नका लागि विभिन्न श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रयोग गर्न सकिन्छ।
- रेडियो, टेलिभिजन, प्रोजेक्टर, पावरप्वाइन्ट प्रस्तुतीकरण, इमेल, इन्टरनेटको प्रयोग जस्ता सञ्चारका साधनको प्रयोग गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिन्छ।

**क्रियाकलाप २ सूचना तथा सञ्चार प्रविधिको प्रयोग अनुभव आदानप्रदान (६० मिनेट)**

- सहभागीहरूलाई सिकाइ सहजीकरणका क्रममा केकस्ता सूचना तथा सञ्चार प्रविधिका साधनहरूको प्रयोग गरिरहनुभएको छ भनी प्रश्न सोध्नुहोस्।
- सहभागीले भनेका विषयवस्तुलाई टिपोट गर्नुहोस्।
- सहभागीले भनेका विषयवस्तुसहित नेपाली भाषा सिकाइ सहजीकरणका क्रममा प्रयोग गर्न सकिने सूचना तथा सञ्चार प्रविधिको बारेमा बताइदिनुहोस्।
- साथै नेपाली भाषा शिक्षणका क्रममा प्रयोग गर्न सकिने भिडियो, अडियो तथा अन्य सञ्चारका साधनका बारेमा चरणबद्ध रूपमा प्रस्तुत गरेर देखाउनुहोस् र सहभागीहरूलाई पनि सँगसँगै गर्न लगाउनुहोस्।

**प्रतिबिम्बन (१० मिनेट)**

नेपाली भाषा शिक्षणमा प्रयोग गर्न सकिने सूचना तथा सञ्चार प्रविधिको कुनै एक साधनको प्रयोग गरेर देखाउनुहोस्।

# सिकाइ सहजीकरण अभ्यास

**दिन : चौथो र पाँचौ　　　　सत्र : दोस्रो/तेस्रो/पहिलो　　　　समय : ४ घण्टा ३० मिनेट**

**परिचय**

नेपाली विषय भाषिक सिपहरूको शिक्षण हो। पाठ्यक्रम तथा पाठ्यसामग्रीमा बोध तथा अभिव्यक्तिगत पक्षको विकासका लागि भाषिक सिपगत कार्यकलापहरूलाई समावेश गरिएको छ। सिकाइ सहजीकरणका क्रममा भाषिक सिपगत कार्यकलापहरूको प्रभावकारी प्रयोगका लागि सिकाइ सहजीकरण अभ्यास महत्त्वपूर्ण रहेको छ। तालिमबाट भएको सिकाइ कक्षाकोठामा पुग्ने कुराको सुनिश्चित गर्नका लागि सहभागीहरूको समूहमा रहेर सूक्ष्म शिक्षण गरिन्छ। यस सत्रमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ, भाषिक संरचना र वर्णविन्यास, भाषिक प्रकार्य शिक्षण गर्न शिक्षकलाई सक्षम बनाउनका लागि शिक्षण योजना निर्माण, नमुना पाठ प्रस्तुति, सूक्ष्म शिक्षण र पृष्ठपोषण आदानप्रदानका बारेमा छलफल गर्ने छौं।

**उद्देश्य**

- भाषिक सिपगत क्रियाकलापहरूको नमुना पाठ प्रस्तुति गर्न (सहजकर्ताबाट)
- सूक्ष्म शिक्षण (सहभागीबाट)
- एकआपसमा पृष्ठपोषण आदानप्रदान गर्न

**सामग्री**

- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका
- पाठयोजनाको नमुना

**मुख्य विषयवस्तु**

- भाषिक सिपगत नमुना प्रस्तुति (सहजकर्ताबाट)
- सूक्ष्म शिक्षण (सहभागीबाट)
- पृष्ठपोषण आदानप्रदान

**सहजीकरण क्रियाकलापहरू**

**क्रियाकलाप १ : नमुना पाठयोजनाको प्रस्तुति　　　　(२० मिनेट)**

- सहजकर्ताले कक्षा ६ देखि ८ मध्ये कुनै एउटा कक्षाको कुनै एक पाठमा आधारित भई तयार गरेको नमुना पाठयोजना प्रस्तुत गर्नुहोस्।
- नमुना पाठयोजना प्रस्तुत गरेपछि उक्त पाठयोजनामा आधारित भई छलफल गर्नुहोस्।

**क्रियाकलाप २ : नमुना पाठ प्रस्तुति र पृष्ठपोषण आदानप्रदान　　　　(७० मिनेट)**

- सिकाइ सहजीकरणका क्रममा सहभागीहरूलाई सो कक्षाको विद्यार्थीको भूमिका निर्वाह गर्न अनुरोध गर्नुहोस्।
- पाठ्यपुस्तकको सो दिनको पाठ सबै सहभागीहरूलाई पुग्ने गरी व्यवस्था मिलाउनुहोस्।

- नमुना पाठयोजनाबमोजिम ४० मिनेटको सिकाइ सहजीरण क्रियाकलाप सञ्चालन गर्नुहोस्।
- शिक्षणपछि सहभागीबाट पृष्ठपोषण माग गर्नुहोस्।
- राम्रा तथा सुधार गर्नुपर्ने पक्षहरूका बारेमा छलफल गर्नुहोस्।

**क्रियाकलाप ३ : सूक्ष्म शिक्षणको तयारी** **(४० मिनेट)**

- प्रत्येक सहभागीलाई कक्षा ६ देखि ८ मध्ये कुनै एउटा कक्षाको कुनै पाठअनुसार सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका विकासका लागि एउटा सहजीकरण योजना तयार गर्न लगाउनुहोस्।
- सहजीकरण योजानाअनुसारको सामग्री समेत निर्माण/सङ्कलन गर्न लगाउनुहोस्।
- सूक्ष्म शिक्षणका क्रममा पृष्ठपोषण दिँदा ध्यान दिनुपर्ने देहायका पक्षहरूको बारेमा बताइदिनुहोस् :
  - सहभागीले सूक्ष्म शिक्षण गर्दैगर्दा अवरोध नगर्ने
  - प्रत्येक सहभागीलाई सूक्ष्म शिक्षण समाप्त भएपछि एक मिनेट आफैं प्रतिविम्बन गर्न लगाउने (कस्तो गर्ने योजना थियो, कस्तो भयो, अर्कोपटक गर्दा के सुधार गर्नुहुन्छ ?
  - त्यसपछि मात्र अन्य सहभागीलाई पृष्ठपोषण दिन भन्ने।पृष्ठपोषण निम्नलिखित ढाँचामा दिने (राम्रो गरेको कुरा+सुधार गर्न सकिने क्षेत्र)।

**क्रियाकलाप २. सूक्ष्म शिक्षण (सहभागीलाई)** **(१३० मिनेट)**

- जोडीमा एकअर्कालाई सूक्ष्म शिक्षण गर्न लगाउनुहोस्।जोडी शिक्षणका क्रममा सहजकर्ताले सबै समूहको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस्।(१० मिनेट सूक्ष्म शिक्षण र ५ मिनेट पृष्ठपोषण गरी जम्मा ३० मिनेट)
- सहभागीलाई चारजनाको समूहमा विभाजन गरी हरेक समूहबाट एक जनालाई १० मिनेटको एकैपटक सूक्ष्म शिक्षण अभ्यास गर्न लगाउनुहोस्।सूक्ष्म शिक्षण गर्ने बाहेकका बाँकी सदस्यलाई पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस्।सूक्ष्म शिक्षणका क्रममा सहजकर्ताले सबै समूहको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस्। (१५ मिनेट)
- हरेक सहभागीलाई सूक्ष्म शिक्षणको अभ्यासबाट प्राप्त पृष्ठपोषणका आधारमा पुनः आफ्नो सहजीकरण योजना सुधार गर्न लगाउनुहोस्। (५ मिनेट)
- गोलाप्रथाबाट कुनै दुई जना सहभागी छनोट गरी परिमार्जित सहजीकरण योजनाका आधारमा पूरै समूहमा शिक्षण गर्न लगाउनुहोस्।
- कुनै तीन सहभागीलाई पृष्ठपोषण फाराम दिई पृष्ठपोषणका बुँदाहरू टिपोट गर्न लगाउनुहोस्।
- २० मिनेट शिक्षण १० मिनेट पृष्ठपोषण गरी जम्मा ६० मिनेट)
- सहजकर्ताले निष्कर्षसहित शिक्षणको पृष्ठपोषण प्रदान गर्नुहोस्। (१० मिनेट)

**प्रतिबिम्बन** (१० मिनेट)

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिविम्बन गर्न भन्नुहोस्।

- तालिम सञ्चालनका क्रममा शिक्षण अभ्यास गराउन यो सूक्ष्म शिक्षण अभ्यासले कसरी सहयोग पुर्याउँछ ?
- नमुना शिक्षण गर्दा प्राप्त पृष्ठपोषणलाई कसरी उपयोग गर्नुहुन्छ ?

# विद्यार्थी मूल्याङ्कन

**दिन : पाँचौं** **सत्र : दोस्रो र तेस्रो** **समय : ३ घण्टा**

## परिचय

मूल्याङ्कनलाई निर्णय गर्न सङ्केत गरिएको सूचना, विद्यार्थीले देखाएको प्रगतिको निर्धारण, निर्णय गर्नका लागि सूचना प्रदान गर्ने काम, गुणात्मक र परिमाणात्मक मूल्य निर्धारण, तथ्याङ्क सङ्कलन र विद्यार्थीको व्यवहार निर्धारण, सिकारूको वैयक्तिक विकास, सोचाइ, अनुभव र कार्यलक्षित व्यवहारतर्फ परिवर्तन तथा उद्देश्य प्राप्तिको मूल्य निर्धारण गर्ने प्रक्रियाका रूपमा पनि लिइन्छ। मानव व्यवहारका सम्पूर्ण पक्षको मूल्य निर्धारण गर्न, तुलनात्मक अध्ययन गर्न, भावी उपलब्धिको भविष्यवाणी गर्न, विद्यार्थीका विविध पक्षका बारेमा स्पष्ट धारणा बनाउन, परिमाणात्मक र गुणात्मक निर्णय लिन तथा विश्वसनीयता र वैधता आँकलन गर्न मूल्याङ्कन गरिन्छ। मूल्याङ्कनका मुख्य उद्देश्य श्रेणीकरण र स्तरीकरण, प्रमाणीकरण, निदान एवम् शैक्षणिक सुधार र सिकाइको उन्नति हुन्। भाषाका आधारभूत सिपहरूको उपलब्धि मापनलाई मूल लक्ष्य बनाएर गरिने आँकलन वा लेखाजोखालाई विद्यार्थी मूल्याङ्कन भनिन्छ। विद्यार्थी मूल्याङ्कन विषयवस्तुको ज्ञानको मूल्याङ्कनमा भन्दा भाषिक सिपको मूल्याङ्कनमा आधारित हुन्छ। भाषिक मूल्याङ्कनमा विद्यार्थीले हासिल गरेको भाषिक क्षमताको मापन, अवलोकन र निरीक्षण गरिन्छ। अन्य विषयको मूल्याङ्कन विषयवस्तुमा आधारित हुन्छ भने भाषिक मूल्याङ्कन भाषाको प्रयोगगत वा व्यवहारगत दक्षतामा आधारित हुन्छ। यसमा विद्यार्थीले सुनाइ, बोलाइ, पढाइ र लेखाइमा कस्ता प्रगति गरे वा सिकाइ उपलब्धिको अवस्था कस्तो छ भन्ने परीक्षण गरिन्छ। विद्यार्थी मूल्याङ्कनका लागि अवलोकन, प्रश्न, प्रयोग, अभ्यास, सिप परीक्षण र भाषिक उत्पादनजस्ता मूल्याङ्कन साधनको प्रयोग गरिन्छ। भाषा विषयमा भाषिक सिप परीक्षण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई भाषिक मूल्याङ्कन भनिन्छ। भाषिक सिप भनेको सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता आधारभूत पक्षसँग सम्बद्ध ज्ञान, सिप र अभिवृत्तिमूलक पक्षहरू हुन्। यसमा सुनाइ, बोलाइ पढाइ, लेखाइ र तीसँग सम्बन्धित शब्दभण्डार, उच्चारण, सस्वर पढाइ, पढाइ बोध, शब्द प्रयोग, लिखित रचना, भाषातत्त्व जस्ता कुराको मूल्याङ्कन गर्नुपर्छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नानुसारका कार्य गर्न सक्ष हुने छन् :

- मूल्याङ्कनको अवधारणा र प्रकार बताउन
- विशिष्टीकरण तालिकाको उपयोगका आधारमा प्रश्न निर्माण गर्न

## सामग्री

- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका
- विशिष्टीकरण तालिका र प्रश्नका नमुना
- ल्यापटप, मार्कर, मेटाकार्ड, न्युजपेपर आदि

**मुख्य विषयवस्तु**

- मूल्याङ्कनको अवधारणा र प्रकार
- विशिष्टीकरण तालिकाको आधारमा प्रश्न निर्माण

**सहजीकरणका क्रियाकलाप**

**क्रियाकलाप : १ सहमत असहमत खेल (२० मिनेट)**

- सहभागीलाई कोठाको बिचमा एउटा लाइनमा उभिन भन्नुहोस्। तल दिइएका विद्यार्थी मूल्याङ्कनसम्बन्धी वाक्यहरू पढी सहमत भए देब्रेतिर र असहमत भए दाहिनेतिर बस्न भन्नुहोस्। प्रत्येक वाक्यका सम्बन्धमा सहभागी (प्रत्येक वाक्यमा फरक फरक व्यक्ति पर्ने गरी) को सहमत वा असहमत हुनुको कारण बताउन लगाउनुहोस्।
- विद्यार्थी मूल्याङ्कनसम्बन्धी सहभागीका विचारलाई समेट्दै निम्नलिखित बुँदाका आधारमा मूल्याङ्कनको अवधारणका बारेमा थप स्पष्टता प्रदान गर्नुहोस्।
    - श्रेणीकरण र स्तर निर्धारण
    - प्रमाणीकरण
    - निदान एवम् शैक्षणिक सुधार
    - सिकाइको उन्नति

सिकाइका क्रममा प्राप्त गरेका ज्ञान, सिप र अभिवृद्धिको लेखाजोखा गर्ने नियमित र निरन्तर प्रक्रिया नै विद्यार्थी मूल्याङ्कन हो।

- विद्यार्थी मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक दुवै उद्देश्यले गरिन्छ।
- विद्यार्थीको भाषिक क्षमतास्तर आकलन र भाषा सिकाइको प्रभावकारिता पहिल्याउन प्रयोग गरिने मुख्य साधन नै मूल्याङ्कन हो।
- शिक्षण सिकाइमा सुधार ल्याउने र कक्षोन्नति गर्ने उद्देश्यले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गरिन्छ।
- निर्माणात्मक मूल्याङ्कन सुधारात्मक वा रचनात्मक हुन्छ। यसको मुख्य उद्देश्य विद्यार्थीका कमीकमजोरी समयमै पत्ता लगाई सिकाइमा सुधार ल्याउनु हो।
- निर्माणात्मक मूल्याङ्कनमा कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, व्यावहारिक परिवर्तनको अवलोकन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता र सक्रियता, लिखित तथा मौखिक प्रश्नोत्तर, विद्यार्थीका कार्यको प्रदर्शन, घटनावृत्त अभिलेख, आत्ममूल्याङ्कन, हाजिरीजवाफ, उपलब्धि परीक्षा, सहपाठी मूल्याङ्कन, अभिभावक सम्पर्क, पोर्टफोलियो, अध्ययन भ्रमण, विद्युतीय सञ्चार माध्यममा प्राप्त सान्दर्भिक सामग्रीको खोजी र प्रस्तुति जस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ।
- मूल्याङ्कनका क्रममा उद्देश्यमा उल्लिखित सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सिप तथा भाषिक संरचना, शब्दभण्डार र अभिव्यक्ति पक्षको परीक्षण गर्नुपर्दछ।

- निर्माणात्मक मूल्याङ्कनमा प्रयोग गरिने साधनहरूबाट प्राप्त सूचनाहरूलाई अभिलेखीकरण गर्नुपर्दछ।
- कक्षा ६ देखि ८ मा निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजालाई आन्तरिक मूल्याङ्कनका रूपमा निर्णयात्मक प्रयोजनमा प्रयोग गरिने छ।
- प्रयोगात्मक पक्षको मूल्याङ्कन निर्माणात्मक तरिकाले सञ्चालन गरी आन्तरिक मूल्याङ्कनको अङ्गका रूपमा समावेश गरिने छ।

**क्रियाकलाप : २ विद्यार्थी मूल्याङ्कनका प्रकार (२० मिनेट)**

- कुनै दुई सहभागीलाई अगाडि बोलाउनुहोस्।
- एक जनालाई निर्माणात्मक मूल्याङ्कन र अर्को जनालाई निर्णयात्मक मूल्याङ्कनका बारेमा तल दिइएको अनुच्छेद पढ्न लगाउनुहोस्।

**निर्माणात्मक मूल्याङ्कन**

- निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइका क्रममा निरन्तर गरिने, मुख्य उद्देश्य शिक्षणसिकाइ सुधारलाई मानिने, सामग्री र विधिमा सुधार मुख्य लक्ष्य हुने तथा निरन्तर पृष्ठपोषण प्रदान गरिने मूल्याङ्कन हो। यसमा आन्तरिक मूल्याङ्कनका साधन प्रयोग गरिन्छ भने यसको प्रकृति औपचारिक तथा अनौपचारिक दुवै हुन्छ।
- निर्माणत्मक मूल्याङ्कनका रूपमा प्रयोगात्मक कार्य वा परियोजना कार्य, कक्षा सहभागिता, सिकाइसम्बद्ध सिर्जनात्मक कार्यहरू, कक्षा कार्य, छलफल तथा समूह कार्य, स्व-आत्ममूल्याङ्कन, परियोजना कार्य, अवलोकन, व्यक्तिगत फायल अध्ययन, उपलब्धि परीक्षा (साप्ताहिक परीक्षा, एकाइ परीक्षा, मासिक परीक्षा), सिकाइ व्यवहारमा आएको परिवर्तन (सिकाइ उपलब्धि हासिल गरे नगरेको) जस्ता साधनहरूको प्रयोग गरिन्छ।

**निर्णयात्मक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कन शिक्षण सिकाइ योजनाको मध्य वा अन्त्यमा गरिने, कक्षा चढाउने वा नचढाउने निर्णय गर्न गरिने, प्रमुख उद्देश्य स्तर निर्धारण र प्रमाणीकरण गर्ने र बाह्य मूल्याङ्कनका सीमित साधनको प्रयोग गरी गरिने औपचारिक मूल्याङ्कन हो। यस्तो मूल्याङ्कन शैक्षिक कार्यक्रमको प्रमाणीकरणका लागि कार्यक्रम बाहिरका मानिसबाट गरिन्छ। यस्तो मूल्याङ्कन विद्यालय र समुदायको सम्बन्ध सुधार गर्न उपयोगी हुन्छ।

आवधिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर त्यसको आधारमा कक्षा चढाउने वा नचढाउने र विद्यार्थीहरूको स्थान निर्धारण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ। यस्तो मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीको सिकाइमा सुधार गर्ने अवसर कम

हुन्छ ।
निर्णयात्मक मूल्याङ्कनले विद्यार्थीले निश्चित अवधिमा सिकेको कुराको निदान वा सुधार नगरी निष्कर्ष वा निर्णय दिने कार्य गर्छ। निर्णयात्मक मूल्याङ्कन शैक्षणिक उद्देश्य पूरा भए नभएको जाँच्न, सिकाइको प्रमाणीकरण गर्न, कक्षोन्नति गर्न र छनोट गर्नका लागि गरिन्छ।

- बाँकी सहभागीलाई विद्यार्थी मूल्याङ्कनका प्रकारका बारेमा अनुच्छेदबाट के बुझाइ भयो, छलफल गराउनुहोस्।
- विद्यार्थी मूल्याङ्कनका बारेमा थप स्पष्ट पार्नुहोस्।

**क्रियाकलाप : ३ विद्यार्थी मूल्याङ्कनको कक्षा प्रयोग जिग्स विधि (४० मिनेट)**

- सहभागीलाई दुई समूहमा विभाजन गर्नुहोस्।
- आन्तरिक मूल्याङ्कन र बाह्य मूल्याङ्कनका बारेमा पाठ्यक्रममा दिइएको अध्ययन सामग्रीलाई टुक्रा टुक्रा पारी काटेर दुई फरक फरक खामभित्र हाल्नुहोस्।
- समूह १ लाई आन्तरिक मूल्याङ्कन र समूह २ लाई बाह्य मूल्याङ्कनका बारेमा टुक्रा टुक्रा भएका अध्ययन सामग्रीलाई मिलाई कार्डबोर्ड पेपर वा न्युजप्रिन्ट पेपरमा टाँस्न लगाउनुहोस्।
- समूहले मिलाई टाँसेका टुक्राहरू मिले नमिलेको पावरप्वाइन्ट प्रस्तुतिबाट रूजु गर्नुहोस्।
- नमिलेको भएमा मिलाई टाँस्न लगाउनुहोस्।
- समूहले टाँसेका विषयवस्तुमा समूहको तर्फबाट के बुझाइ रह्यो प्रस्तुत गर्न लगाउनुहोस्।
- आन्तरिक मूल्याङ्कन र बाह्य मूल्याङ्कनका सम्बन्धमा सहभागीका विचारलाई समेट्दै सिकाइ सहजीकरणका क्रममा उपयोग गर्ने तौरतरिकाका बारेमा बताइदिनुहोस्।

**क्रियाकलाप : ४ विशिष्टीकरण तालिकाको उपयोग (९० मिनेट)**

- सहभागीलाई विशिष्टीकरण तालिकाको परिचय, आवश्यकता, निर्माण र प्रयोगका सन्दर्भमा तलको सामग्री अध्ययन गर्न दिनुहोस् र त्यसका मुख्य मुख्य कुरा प्रस्तुत गर्न लगाउनुहोस्।

**परिचय**

पाठ्यक्रमका निर्दिष्ट उद्देश्यहरू पूर्ति भए भएनन् भन्ने कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो। मूल्याङ्कन प्रक्रियालाई योजनाबद्ध तथा प्रभावकारी बनाउने महत्त्वपूर्ण साधन विशिष्टीकरण तालिका हो। पाठ्यक्रमका उद्देश्य प्राप्त हुने गरी पाठ्यक्रमका सबै विषय वस्तुलाई समेटेर पाठ्यक्रमद्वारा निर्दिष्ट मूल्याङ्कन प्रक्रिया अपनाई मूल्याङ्कनका साधनका रूपमा परीक्षालाई प्रयोगमा ल्याउन विशिष्टीकरण तालिकाको महत्त्वपूर्ण भूमिका हुन्छ। परीक्षा सञ्चालन गर्नुअगाडि प्रश्नपत्रहरू कस्ता बनाउने, कुन एकाइ वा पाठबाट कुन प्रकारको प्रश्न सोध्ने, कुन उद्देश्यको मूल्याङ्कन गर्न कस्तो प्रश्नपत्र तयार गर्ने, प्रश्नको अङ्कभार कति दिने, कुन प्रश्नलाई कति समय निर्धारण गर्ने जस्ता कुराहरू विचार गरेर प्रश्नपत्र निर्माण गर्न आवश्यक हुन्छ।
विशिष्टीकरण तालिकाले शिक्षक तथा प्रश्नपत्र निर्माणकर्तालाई प्रश्नपत्र बनाउँदा विषय वस्तुगत

वैधता निर्धारण गर्न निर्देशित गर्छ। यसमा पाठ्यक्रमको उद्देश्यअनुसार परीक्षा र मूल्याङ्कन प्रतिबिम्बित भएको हुन्छ। परीक्षाको स्तरीकरण, एकरूपता र वैधताका लागि विशिष्टीकरण तालिकाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

**१. विशिष्टीकरण तालिका निर्माण गर्दा ध्यान दिनुपर्ने कुरा**

- पाठ्यक्रमका सक्षमता र सिकाइ उपलब्धि
- विषयवस्तुका क्षेत्र वा विधा, भाषिक संरचना, शब्दभण्डार र प्रकार्य
- सिकाइका विभिन्न तहहरू (सम्झाइ, बुझाइ, प्रयोग, विश्लेषण, संयोजन सिर्जना आदि)
- पाठ्यक्रमद्वारा निर्दिष्ट पाठ्यघण्टा र विषयवस्तुको व्यापकता
- परीक्षामा सोधिने प्रश्नका प्रकार, प्रश्नका स्तर, प्रश्नका सङ्ख्या, अङ्कभार र समय
- प्रश्न निर्माणका लागि स्पष्ट मार्गनिर्देशन
- विशिष्टीकरण तालिकाअनुसारको नमुना प्रश्नपत्र एवम् त्यसको उत्तरकुञ्जिका

**२. प्रश्नपत्र निर्माण गर्दा प्रयोग हुने क्रियापद**

- **संज्ञान तहका लागि** : ज्ञान तहका प्रश्नमा विषय वस्तुको ज्ञानलाई जोड दिइने हुनाले त्यसअनुरूपका क्रियापदहरू राखी प्रश्न निर्माण गर्नुपर्छ जस्तै परिभाषा दिनु, व्याख्या गर्नु, पहिचान गर्नु, सूची तयार गर्नु, तुलना गर्नु, नाम दिनु, रेखाङ्कन गर्नु, उल्लेख गर्नु, लेख्नु आदि।
- **बोध तहका लागि** : कुनै पनि विषय अध्ययन गरेर, सुनेर वा पढेर बुझ्ने क्षमता वा सिप नै बोध हो। अध्ययनका आधारमा कुनै ज्ञान सिप ग्रहण गरी अरूलाई बुझाउने वा बोध गर्ने क्षमता पनि यसमा पर्छ। तसर्थ यस खालको प्रश्नमा छुट्याउनु, देखाउनु, छान्नु, सूचित गर्नु, रूपान्तर गर्नु, निर्णय दिनु, पुष्टि गर्नु, उदाहरण दिनु, व्याख्या गर्नु, तुलना गर्नु जस्ता क्रियापद प्रयोग गरी प्रश्न निर्माण गर्नुपर्छ।
- **अन्य तह** : ज्ञान, बोधभन्दा उच्चदक्षता र व्यावहारिक सिपसँग सम्बन्धित प्रश्न तहलाई यहाँ अन्य तह भनिएको हो। यस तहमा सामान्य ज्ञान र बुझ्नेभन्दा उच्चदक्षता र क्षमताको परीक्षण गरिने हुनाले त्यस्तै खालका क्रियापदहरू प्रश्नपत्रमा प्रयोग गरिनुपर्छ। जस्तै : परिवर्तन गर्नु, प्रदर्शन गर्नु, खोज गर्नु, सुधार गर्नु, व्याख्या गर्नु, तयार गर्नु, सम्बन्ध देखाउनु, समाधान गर्नु, विभाजन गर्नु, निर्माण गर्नु, पुनर्लेखन गर्नु, सारांश लेख्नु, विवेचना गर्नु, विश्लेषण गर्नु, समीक्षा गर्नु, पुष्टि गर्नु, मूल्याङ्कन गर्नु, छलफल गर्नु, चित्र बनाउनु, सिर्जना गर्नु आदि।

**असल प्रश्नका गुणहरू**

- शैक्षिक उद्देश्यसँग प्रत्यक्ष रूपले सम्बन्धित
- वास्तविक र व्यावहारिक
- महत्त्वपूर्ण र उपयोगी

- पूर्ण तर सङ्क्षिप्त
- निश्चित र स्पष्ट

**प्रश्नपत्र निर्माणमा ध्यान दिनुपर्ने कुराहरू**

- पाठ्यक्रमका सबै पक्षलाई समेटेर प्रश्ननिर्माण गर्नुपर्छ।
- विशिष्टीकरण तालिकाअनुसार हुनुपर्ने छ।
- भाषा बोधगम्य र स्पष्ट हुनुपर्छ।
- पाठ्यक्रमको उद्देश्य मापन गर्ने खालको हुनुपर्छ।
- समय विभाजन र अङ्क विभाजनमा एकरूपता हुनुपर्छ।
- प्रश्नको उत्तर लेख्न लाग्ने समयानुसार प्रदान गरिने अङ्क उपयुक्त हुनुपर्छ।
- अङ्क विभाजन गर्दा प्रश्नको जटिलता र ज्ञानको तहलाई पनि विचार पुर्याउनुपर्ने छ।
- प्रश्नहरू दोहोरो अर्थ नलाग्ने हुनुपर्छ।
- प्रश्नहरूमा विश्वसनीयता र वैधता भएको हुनुपर्छ।
- प्रश्नहरू विशिष्ट प्रकारका हुनुपर्छ।
- प्रश्नहरूमा आवश्यक सूचना वा निर्देशन स्पष्ट हुनुपर्छ।
- कुनै प्रश्नले उत्तरको सङ्केत, सुराक  दिनु हुँदैन।
- सकेसम्म सबै (उच्च, मध्यम र निम्न) तहका विद्यार्थीहरूको निमित्त अनुपात मिलाएर प्रश्नहरू बनाउनुपर्छ।
- प्रश्नहरू सकेसम्म सान्दर्भिक हुनुपर्छ।
- प्रश्नहरू कुनै पनि जातजाति, धर्म र क्षेत्रमा विभेद नगर्ने खालको हुनुपर्छ।
- लैङ्गिक विभेद झल्किने खालका प्रश्नहरू समावेश गरिनु हुँदैन।

- सहभागीलाई विशिष्टीकरण तालिकाको खाकाका आधारमा समूहगत रूपमा प्रश्न निर्माण गर्ने अभ्यास गराउनुहोस्।
- सहभागीले बनाएका प्रश्नमा छलफल गर्दै प्रशिक्षकबाट थप स्पष्ट पार्नुहोस्।

**प्रतिविम्बन/ मूल्याङ्कन** **(१० मिनेट)**

- आन्तरिक मूल्याङ्कनमा कस्ता साधनहरूको प्रयोग गरिन्छ ?
- विद्यालयमा विद्यार्थी मूल्याङ्कनका लागि कुन कुन प्रकारका मूल्याङ्कनको प्रयोग गरिन्छ ?
- विशिष्टीकरण तालिकाको उपयोग केका लागि गरिन्छ ?
- प्रश्नपत्र निर्माण गर्दा कुन कुन पक्षमा ध्यान पुर्याउनुपर्छ ?